# मुसिकोटनगरपालिका

## मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०८२

## मुसिकोटनगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

वामीटक्सार, गुल्मी ।

# मुसिकोट नगरपालिकाको बिनियोजन ऐन, २०८२

मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८२

**प्रस्तावना:**

मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम मुसिकोट नगर सभाले यो ऐन बनाएको छ।

१ .संक्षिप्त नाम र प्रारम्भः (१) यस विधेयकको नाम "मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो विधेयक २०८२।०४।०१ देखि लागु हुनेछ।

२ .आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७०,१४,७८,०००/- (अक्षेरुपी रु. सत्तरी करोड चौध लाख अठहत्तर हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन : (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त मुसिकोट नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरकार्यपालिका कार्यालय, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्य कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षक बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय

व्यवस्था अनतर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनु पर्नेछ।

(४) यस विधेयकमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकामा आर्थिक बर्ष २०८२/०८३ मा अन्य व्यक्ति, संघसंस्था वा नतोकिएको क्षेत्रमा प्राप्त हुन आएको रकम र नगरपालिकाबाट गरिने सम्पूर्ण आर्थिक कारोबारको अधिकार प्रचलित कानुन र यसै विधेयक बमोजिम खर्च गर्ने अख्तियारी हुनेछ।

४. कार्यविधी बनाउन सक्ने : (१) यस विधेयकको अनुसूचीमा रहेका कार्यक्रमहरुको कार्यान्वयनको लागि नगरकार्यपालिकाले आवश्यकता अनुसारका कार्यविधी बनाउन सक्नेछ।

## अनुसूची१–

(दफा २ सँग सम्बन्धित(

नेपालको संविधानको धारा २२९ बमोजिम (२)

स्थानीय सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नगर कार्यपालिका | ३२,८६,००,००० | ३,३२,००,००० | | |
| २ | | वडा समिति | २७,००,००० | २,५०,००,००० | | |
| ३ | | बिषयगत शाखा | १५,४३,८७,००४ | १५,७५,९०,९९६ | | |
| ४ | | ऋणको सावा ब्याज भुक्तानी | | | | |
| ५ | | लगानीः शेयर/ऋण | | | | |
| | | **जम्मा** | ४८,५६,८७,००४ | २१,५७,९०,९९६ | | |